अनुसूची ३

# सन् २०१९ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

## नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

### १. परिचय

नेपाली जनताले आमूल परिवर्तनका लागि गरेको त्याग, तपस्या र बलिदानको जगमा खडा भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई पूर्ण रुपमा संस्थागत गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिको आकांक्षालाई व्यवहारमा कार्यान्वयन गर्नु हाम्रो यतिबेलाको प्रमुख दायित्व बनेको छ। जनताले आफ्ना प्रतिनिधिहरुमार्फत संविधानसभाबाट बनाएको संविधान अनुसार आयोजित स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनमार्फत यो ऐतिहासिक अभिभारा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई सुम्पिएका छन्। संविधानमा उल्लिखित समानताको प्रत्याभूति, सम्मान, पहिचान र अवसरको प्रवर्धन गर्ने कार्यमा दत्तचित्त रहँदै त्यसको प्राप्तिका लागि जस्तासुकै प्रतिकूलताहरुलाई पनि चिर्दै अघि बढ्न हाम्रो पार्टी दृढ छ र हाम्रो पार्टीको नेतृत्वमा रहेको सरकारले यसैलाई आफ्नो उद्देश्य बनाएर काम गरिरहेको छ । देशमा विद्यमान सबै खालका विभेद र असमानताहरूको अन्त्य गर्दै संविधानप्रदत्त बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा विविधतापूर्ण भौगोलिक विशेषताहरूलाई प्रवर्दन गर्ने कार्यमा पार्टीको सम्पूर्ण ध्यान छ। नेपालले अनुमोदन गरेका तथा सहमति जनाएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरुको कार्यान्वयन गर्ने सिलसिलामा संविधान प्रदत्त मौलिक हकहरुको कार्यान्वयवनका लागि १६ ओटा ऐनहरु निर्माण भई कार्यान्वयनमा जानु यसैको प्रमाण हो । मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने विषयको पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनलाई अगाडि बढाउनेतर्फ हाम्रो पार्टी सचेत छ र यसतर्फ गम्भीरतापूर्वक ध्यान गएको छ।

### २. नागरिक तथा राजनीतिक अधिकार

सङ्घ, प्रदेश तथा स्थानीय तीनै तहमा जनताको अभूतपूर्व सहभागिताद्वारा निर्वाचित भएर मुलुकको नेतृत्व गरिरहेको नेकपा र यसको सरकारको नागरिक तथा राजनीतिक अधिकारहरुको प्रवर्धन र संरक्षणमा दत्तचित्त छन्। स्थापना कालदेखि नै नागरिक अधिकार र स्वतन्त्रताका लागि सम्भौतहीन सङ्घर्ष गर्दै आएको यो पार्टी कुनै पनि प्रकारले त्यसमाथि संकुचन उत्पन्न हुने कुरा सोच्न पनि सक्दैन। संविधानले व्यवस्था गरेको शान्तिपूर्ण राजनीतिक क्रियाकलाप गर्न कहीँकतै बन्देज वा रोकावट छैन र हाम्रो पार्टी यसमा कतैबाट अवरोध उत्पन्न नहुने कुराको सुनिश्चितता प्रदान गर्दछ । विनाकारण राजनीतिक दलका नाममा सशस्त्र गतिविधिका छिटपुट घटनाहरु हुँदा पनि हामीले त्यसलाई गम्भीरतापूर्वक लिएर वार्ताका माध्यमबाट तिनलाई समाधान गर्नमा यस वर्ष पनि हामीले कुनै कसर बाँकी राखेनौँ । हाम्रो सम्पूर्ण ध्यान निर्वाध रूपमा नागरिक अधिकार उपयोग गर्ने/गराउने कुरामा केन्द्रित छ। बेला–बेलामा साना हतियारको प्रयोग, विष्फोट, व्यक्तिको अपहरण र हत्याका घटनाहरु भइरहेको देखिनु चिन्ताको विषय छ। यसलाई पूर्ण रुपमा नियन्त्रण गरी नागरिक अधिकार सुनिश्चित गर्न सबैको प्रयास हुनु आवश्यक छ।

#### २.१ स्वतन्त्रता तथा सुरक्षासम्बन्धी अधिकार

संविधान प्रदत्त स्वतन्त्रताका अधिकारलाई व्यवस्थित गर्न स्वतन्त्रतासम्बन्धी प्रावधानहरुलाई अझ स्पष्ट र व्यवहारिक बनाउनमा पार्टीको ध्यान गएको छ। यस सन्दर्भमा अभिव्यक्ति स्वतन्त्रता, सङ्गठित हुन पाउने व्यक्तिको स्वतन्त्रता जस्ता प्रावधानहरुलाई लागू गराउन सरोकारवालाहरुसँगको परामर्शमा अनुकूल ऐन तथा नियम तर्जुमा गर्न पार्टीको जोड छ। शान्ति–सुरक्षा कायम गराउनु सरकारको दायित्व भएकाले यस सन्दर्भमा सबैको सहयोग रहन आवश्यक छ। साथै, कुनै पनि प्रकारको हिंसालाई निरुत्साहन गर्न र शान्तिपूर्ण समाज निर्माण गर्न, नागरिकको सुरक्षालाई अनुभूति तहमा पुग्ने गरी कार्य गर्नुपर्दछ भन्ने मान्यतालाई व्यवहारमा उतार्न पार्टी प्रतिबद्ध छ।

#### २.२ सङ्क्रमणकालीन न्याय

हामीले द्वन्द्वको लामो र त्रासद प्रक्रिया पार गरेको धेरै भएको छैन । मूल रुपमा हामीले सफलतापूर्वक द्वन्द्व व्यवस्थापन गरे पनि यसका सम्पूर्ण

पक्षहरुलाई सबैको चित्त बुझ्ने गरी समाधान गर्न केही समय लाग्नु अस्वाभाविक हुँदैन । यसका लागि हाम्रो पार्टी वा सरकार एक्लैले काम गरेर मात्र हुँदैन, सम्बन्धित सबै पक्षको सहभागिता र सहकार्य आवश्यक छ। विस्तृत शान्ति सम्झौता र संविधानको मर्म अनुरुप सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग पुनर्गठन भएको छ । यसअघिका आयोगहरुबाट केही कार्यहरु आरम्भ भए पनि सफलतामा पुग्न नसकेको कुरालाई ध्यानमा राखी यी आयोगहरुले कार्य अघि बढाउने अपेक्षा पार्टीले गरेको छ । सङ्क्रमणकालीन न्याय व्यवस्थापनमा मुलुकले हालसम्म हासिल गरेका अनुभवलाई अन्तर्राष्ट्रिय अभ्यासलाई समेत ध्यानमा राख्दै आयोगबाट सङ्क्रमणकालीन न्याय व्यवस्थापनमा सफलता हासिल हुने विश्वास पार्टीको छ।

### २.३ सङ्गठन स्वतन्त्रता

लोकतन्त्रको आधारभूत तत्व भनेकै नागरिकको सङ्गठित हुन, लेख्न, पढ्न, विरोध वा समर्थन गर्न, त्यस अनुसार सङ्घसंस्थाहरु बनाउन पाउने अधिकार हो । राजनीतिक दलहरुले यसैका लागि सङ्घर्ष गरेर लोकतन्त्र स्थापना गरेका हुन्। हामीकहाँ सङ्घ–संस्था दर्तासम्बन्धी प्रावधानमा अद्यावधिक गर्नुपर्ने आवश्यकता छ। अहिलेसम्म पनि सङ्घ–संस्था दर्ता ऐन, २०३४ अन्तर्गत नै उनीहरुको नियमन भइरहेको छ। संविधानमा रहेको संगठन स्वतन्त्रताको प्रावधान तथा मुलुकको परिवर्तन अनुकूल सङ्घ–संस्थाहरुको भूमिकालाई व्यवस्थित गर्न र सङ्घ–संस्थाका लागि उपयुक्त वातावरण निर्माण गर्नुपर्दछ भन्ने पार्टीको धारणा छ।

## ३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको स्थिति

### ३.१ गरिबी र असमानता

नेपालका लागि अहिलेको ठूलो चुनौती गरिबी हो। गरिबी सँगसँगै धनी र गरिबका बीचमा असमानता बढिरहेको छ। यो अवस्थालाई हाम्रो पार्टीले गम्भीर रुपमा लिएको छ र मुलुकमा विद्यमान असमानता न्यूनीकरण गर्ने हरसम्भव उपायहरु अवलम्बन गर्न प्रयत्नशील छ। विद्यमान गरिबी र असमानताको अन्त्य नै विकासको न्यूनतम शर्त हुनुपर्छ भन्नेमा पार्टी विश्वस्त छ। गरिबी र असमानता कम गर्नेतर्फ तीन ओटै तहका सरकारहरु प्रयत्नशील हुनुपर्दछ भन्नेमा पार्टीको जोड छ। मुलुकमा अझै पनि एक चौथाइ भन्दा बढी जनसङ्ख्या न्यूनतम आवश्यकताको खोजीमा भौंतारिनुपरेको विडम्बनापूर्ण परिस्थितिलाई ध्यानमा राखेर हाम्रो पार्टी खासगरी दलित, सीमान्तकृत, जोखिममा रहेका समुदाय, पिछडिएको वर्ग र कर्णाली तथा सुदूरपश्चिम क्षेत्रको गरिबी न्यूनीकरणमा विशेष ढङ्गले लागिरहेको छ।

### ३.२ शिक्षा तथा स्वास्थ्य

आम नागरिकमा शिक्षा तथा स्वास्थ्यको सहज पहुँच हुनुपर्दछ भन्नेमा पार्टी दृढ छ। मुलुकको शिक्षा प्रणालीलाई सुधार गर्न शिक्षा आयोगको प्रतिवेदनमा समेटिएका सुझावहरुलाई कार्यान्वयन गर्न पार्टी क्रियाशील छ। निजी तथा सामुदायिक विद्यालयबीच, हुने र नहुने बीच शिक्षामा विभेद र असमानता कम गर्न, शहरी क्षेत्र र ग्रामीण क्षेत्र, निजी र सामुदायिक विद्यालयको फरकपनले आम नागरिकले शिक्षामा समान पहुँच हासिल गर्न परेको जटिलतालाई न्यूनीकरण गर्न पार्टी प्रयत्नशील छ । सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धि गर्न स्थानीय सरकारहरुको क्षमता बढाउन समेत पार्टी लागिरहेको छ।

विपन्न नागरिकलाई कडा रोग लागेको अवस्थामा उपचार खर्च तथा आर्थिक सहायता कोष, २०६९ लागू गरी बढीमा १ लाख रुपयाँसम्म औषधि उपचार गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न पार्टी निरन्तर लागिरहेको छ । सरकारबाट परिवार नियोजन, गर्भपतन सेवा, बाँझोपन निवारण, सुरक्षित मातृत्व, नवजात शिशुको सुरक्षा, यौनजन्य सरुवा रोग, बालबालिका र ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारमा विशेष जोड दिइनु सराहनीय छ । स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याउन आधारभूत खोप तथा औषधीहरू निःशुल्क वितरण गर्ने सुरक्षित प्रसूति सेवालाई देशव्यापी विस्तार गर्ने कार्यक्रमालाई प्रभावकारी बनाइएको छ। सबैका लागि सहज चिकित्सा शिक्षा हासिल हुन सकोस् भन्ने मनसायबाट संसद्बाट पारित भइसकेको सन्दर्भमा यस ऐनको भावना अनुरुप कार्यान्वयन गराउन पार्टीको विशेष पहल रहनेछ।

### ३.३ आवास तथा पुनर्निर्माण

मुलुकको विभिन्न क्षेत्रमा रहेका अव्यवस्थित बसोबासीहरु सुकुम्बासीको नाममा रहेका छन्। भूमिहीन नागरिकहरुका समस्या यथावत् रहेका छन्। गत २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पबाट घरवारविहीन नागरिकहरूको सङ्ख्या एकैपटक बढ्न गएको थियो। आगामी असार महिना सम्ममा निजी भवन पुनर्निर्माण कार्य सम्पन्न गर्न, सम्पदाहरुको पुनर्निर्माणलाई यथासक्य चाँडो सकाउन र सार्वजनिक भवनहरुको पुनर्निर्माणलाई समयमै सम्पन्न

गराउन पार्टी लागिरहेको छ। जनता आवास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न अव्यवस्थित बसोबासलाई व्यवस्थित गराउन पार्टीको विशेष ध्यान छ।

### ३.४ श्रम तथा रोजगारी

यस वर्ष पनि गत वर्षहरुको तुलनामा वैदेशिक रोजगारीमा जाने युवाको संख्या घटेको छ। नेपालमा नै रोजगारीको अवसर यसको मुख्य कारण हो भन्नेमा पार्टी विश्वस्त छ। सामाजिक सुरक्षा कोषमार्फत श्रमिकहरुको सुरक्षामा सरकारले जोड दिएको एक वर्ष पूरा भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता कार्यक्रमहरुले मुलुकमा केही मात्रामा रोजगारी सिर्जना गरिरहेका छन्। स्वरोजगार विकास गर्न समेत पार्टीले पहल गरिरहेको छ। विप्रेषणको मुख्य स्रोतको रुपमा रहेको वैदेशिक रोजगारमा गएका कामदारहरुको सुरक्षाका लागि, स्वदेश फर्केपछिको जीविकोपार्जन, परिवारको सुरक्षा, उनीहरुका वालवालिकाको सुरक्षाको अवस्था प्रभावकारी बनाउन पार्टी गम्भीर छ।

### ३.५ बाल अधिकार तथा महिला अधिकार

यसवर्ष पनि लैङ्गिक हिंसाका घटनाहरुमा भएको बढोत्तरीप्रति पार्टी सम्वेदनशील रहेको छ। महिलामाथि हुने शारीरिक तथा मानसिक शोषण, सांस्कृतिक शोषण, बेचबिखन, छाउपडी, यौन शोषण, यौन हिसा, कार्यस्थलमा हुने हिंसा, भ्रूण हत्या जस्ता घटनाहरुबाट महिलाहरु उत्पीडित भएको देखिन्छ। परिणामतः कमजोर स्वास्थ्य, मातृ मृत्युदर बढ्ने, साक्षरता दरमा कमी, विद्यालय छोड्ने, उच्च शिक्षासम्म पुग्न कठिनाइ हुने, रोजगारीमा अवसर प्राप्त गर्न नसक्ने, सेवा प्रवेश गर्न नसक्ने, घरधन्दामा समय बिताउनु परिरहेको जस्ता परिणामहरु देखिएका छन्। यस्तो अवस्थाले महिलाहरुमा सामाजिक न्याय र समानताको हकको अनुभूति हुन सक्दैन। महिलाका मानव अधिकारहरुका बारेमा पार्टीले विशेष चासोको रुपमा राख्दै आवश्यक पहल गरिरहेको छ। महिलामाथि विभेद गर्ने परम्परागत प्रथाहरुलाई कानुनी किसिमले निरुत्साहन गर्न सरकारले चालेको कदमलाई पार्टीले स्वागत गरेको छ। छाउपडी प्रथा हटाउन छाउगोठ भत्काउने अभियानलाई अझ सशक्त बनाउने र नागरिकहरुको मस्तिष्कमा रहेको छाउप्रथा अन्त्य गर्ने खालको सचेतना अभिवृद्धि गर्न पार्टीको जोड रहनेछ।

एक तिहाई बालबालिकाहरु बालश्रममा र ६ लाख भन्दा बढी बालबालिका जोखिमयुक्त श्रममा रहेको विद्यमान अवस्थामा बालबालिकाको अधिकार सुनिश्चित गर्न पार्टी क्रियाशील छ। शहरी तथा तराई–मधेश क्षेत्रमा घरेलु, औद्योगिक क्षेत्रमा, यातायात क्षेत्रमा, होटल आदि व्यवसाय र मनोरञ्जनको क्षेत्रमा वाल श्रमिकहरु अझै पनि संलग्न रहेका भने पहाडी र हिमाली क्षेत्रमा बालबालिकाहरू भरियाका रूपमा समेत संलग्न भएको देखिन्छ।

हत्या, हिंसा र छाउपडी जस्ता घटनाहरुबाट खासगरी किशोरीहरु पीडित भएको देखिन्छ। संविधानतः महिला अधिकारको व्यवस्था सकारात्मक छ। राजनीतिमा सहभागिता, सम्पत्तिमा समान हक, अंश र वंशमा समान हक, सेवा प्रवेशमा विशेष व्यवस्था, सेवाको सुरक्षा जस्ता प्रावधानहरु कानुनी रुपमा लागू गरिएको छ। संविधान प्रदत्त यी हकहरुलाई व्यवहारमा लागू गर्न पार्टी क्रियाशील छ।

### ३.६ जातीय भेदभावविरुद्धको अधिकार

संविधानमा व्यवस्था गरिएको समानताको हक, दलितसम्बन्धी विशेष हक, सामाजिक न्यायको हक जस्ता हकहरुको प्रत्याभूति हुने गरी ऐनहरुको व्यवस्था गरिएको छ र यी ऐन तथा कानुनहरुको प्रभावकारी कार्यान्वयनमा पार्टीले जोड दिएको छ। ४२ प्रतिशतभन्दा दलित समुदाय गरिबीको रेखामुनि रहेको र दलित समुदायको मानव सूचकाङ्कमा ०.४३४ रहेको सन्दर्भमा संविधान प्रदत्त हकलाई कार्यान्वयनमा ल्याउनु सरकार तथा सबै राजनीतिक दलहरुको प्रमुख जिम्मेवारी भएको स्पष्ट हुन्छ। दलित समुदायलाई सामाजिक न्यायको हक, निजामति सेवामा दलितलगायत सीमान्तकृत समुदायको समावेशी प्रतिनिधित्व रहेको सन्दर्भमा नेपाली समाजमा विद्यमान जातीय छुवाछूत, सामाजिक भेदभाव र पेशागत विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न पार्टी क्रियाशील छ।

### ३.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

समानता र अविभेदको सिद्धान्त अनुरुप अपाङ्गता भएका व्यक्तिहरूको हक–अधिकारको सम्बन्धमा मौलिक हकमा विशेष व्यवस्था छ। अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षाको व्यवस्था गरेको छ। राजनीतिक प्रतिनिधित्व प्रणालीमा राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट एक जना अपांगता भएको व्यक्ति वा अल्पसंख्यकको तर्फबाट अनिवार्य सहभागिता हुनुपर्ने व्यवस्थाले अपांगता क्षेत्रको राजनीतिक सहभागिता सुनिश्चित गर्न खोजेको छ। परिवार, समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूको विषयलाई अधिकारमुखी अवधारणाबाट हेर्नुपर्छ। यस सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूका

लागि अपाङ्गमैत्री भौतिक संरचना, भौतिक साधन, विशेष शिक्षा, सुविधा तथा असवर सिर्जना गर्न पार्टी प्रयत्नशील छ।

**४ मानवअधिकारका चुनौती र समाधानका लागि गरिएका प्रयत्नहरू**

अहिलको सन्दर्भमा निम्न अनुसारका चुनौतीहरू विद्यमान छन्ः

**४.१ सुशासन**

मुलुकमा बढ्दो भ्रष्टाचार निर्मूल गर्न पार्टी क्रियाशील छ। भ्रष्टाचारमा शून्य सहनशीलता पार्टीको बटम लाइन हो । यद्यपी, मुलुकमा बढ्दो भ्रष्टाचार न्यूनीकरण गर्न पार्टी प्रतिबद्ध रहेकै अवस्थामा भ्रष्टाचारसम्वन्धी सूचकाङ्कमा नेपाल गत वर्षभन्दा कमजोर देखिएको सन्दर्भमा पार्टीले यसलाई मुख्य चुनौतीका रुपमा लिएको छ। यस सन्दर्भमा नागरिकलाई सरकारले दिनैपर्ने सेवा नदिने, झुलाउने, घुस लिने, कमिशन लिने, कमजोर भौतिक पूर्वाधार निर्माण गर्ने जस्ता कार्यहरुलाई निरुत्साहन गर्न केही सकारात्मक पहलहरु भएका छन् । खासगरी मालपोत क्षेत्रको भ्रष्टाचार र ढिलासुस्ती अन्त्य गर्न सरकारले प्रक्रियागत सुधारहरु गरेको छ। पार्टीले सबै तहका सरकारहरुलाई पारदर्शी, जबाफदेही र जिम्मेवार ढङ्गबाट काम नागरिकको पक्षमा काम गर्न निर्देशित गरेको छ । सार्वजनिक यातायात लगायतका सार्वजनिक सेवालाई जनमुखी बनाउन पार्टी लागिरहेको छ।

**४.२ दण्डहीनताको अवस्था**

अदालतका फैसला कार्यान्वयन गर्न कठिनाइ, मानव अधिकार आयोगका सिफारिसहरु कार्यान्वयन नभएको अवस्था विद्यमान छ । यसप्रकारको दण्डहीनताको अवस्थाको अन्त्य गर्न पार्टी प्रयत्नशील रहेको छ। मानव अधिकार उल्लङ्घन गर्ने वा अपराध गर्नेलाई कुनै पनि प्रकारको संरक्षण नदिन पार्टी प्रतिबद्ध छ र सोही अनुसार सम्बन्धित निकायहरुलाई सूचित पनि गरिसकेको छ।

**४.३ सङ्क्रमणकालीन न्याय**

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगहरुको पुनर्गठन भएको सन्दर्भमा यी आयोगहरुको प्रभावकारीताबाट सङ्क्रमणकालीन न्याय व्यवस्थापन हुनेमा पार्टी विश्वस्त छ।

**४.४ विभेदजन्य प्रथा र परम्परा**

नेपाली समाजमा छुवाछुत, बोक्सी, छाउपडी प्रथा, दहेजजस्ता कुप्रथाहरु विद्यमान छन् । कतिपय महिलाहरु अहिले पनि बोक्सीको आरोपमा प्रताडित छन् । परम्पराकै नाममा अमानवीय व्यवहारहरु जस्तै– मलमूत्र खुवाउने, कपाल मुड्नेदेखि ज्यान लिनेसम्मका कार्यहरू हुने गरेका छन् । दहेज नल्याएको वा कम ल्याएको जस्ता बहानामा महिलाहरूलाई जीउँदै जलाइने, एसिड छ्याप्ने जस्ता जघन्य अपराधलाई स्वीकार गर्न सकिन्न । छाउपडी प्रथाका कारण कतिपय महिलाले ज्यानसमेत गुमाउनुपरेको छ। छुवाछुतको उत्पीडन कायम नै छ। अन्तरजातीय विवाहका कारण विवाहित जोडीहरु विभेदको शिकार भइरहेका छन्। यो प्रथाको अन्त्य गरेर मात्र लैङ्गिक समानता तथा सामाजिक न्याय स्थापना हुन सक्छ भन्नेमा पार्टी दृढ छ।

**५ अवसर**

मानव अधिकारको प्रत्याभूतिका लागि समाजका हरेक अङ्ग, राज्यका हरेक निकाय र प्रत्येक व्यक्तिले मानव अधिकारका सिद्धान्तहरुलाई व्यवहारिकरुपमा स्वीकार गरेको हुनुपर्दछ। यसका लागि मानव अधिकार शिक्षालाई नागरिक तहसम्म पुऱ्याउनु अपरिहार्य हुन्छ । मानव अधिकारका विषयहरुको निरुपणको विषय मूलतः राज्यबाट सम्वोधन हुनुपर्ने विषय हो । यद्यपी, मानव अधिकारको संरक्षण, प्रवर्धन र अनुगमनमा नागरिक सङ्गठनहरुको भूमिका पनि महत्वपूर्ण हुन्छ। यसर्थ, माथि उल्लिखत चुनौतीहरुको सामना गर्न राज्य, राजनीतिक दलहरु, नागरिक सङ्गठन, निजी क्षेत्र र सञ्चार क्षेत्रको प्रभावकारी समन्वय तथा साझेदारी हुन जरुरी छ। मुलुकमा मानव अधिकार संस्कृतिको स्थापना गर्न, मानव अधिकार शिक्षा प्रदान गर्न, सुशासनको प्रत्याभूति दिन र नागरिकलाई मानव अधिकारको अनुभूति गराउन राज्यले उपयुक्त वातावरण निर्माण गर्नुपर्दछ भन्नेमा पार्टीले निरन्तर जोड दिइरहेको छ। जनताको बलिदानबाट प्राप्त संविधानले प्रत्याभूत गरेका नागरिकका अधिकारहरुलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि सुखी नेपालीः समृद्ध नेपालन्को राष्ट्रिय संकल्पलाई व्यवहारमा उतार्न जरुरी छ । मुलुकलाई समृद्ध र नागरिकलाई बलियो बनाएर मात्रै हामीले नागरिकका समग्र अधिकारहरुलाई प्रत्याभूत गर्न सक्छौँ भन्नेमा हाम्रो पार्टी विश्वास गर्दछ।

**ईश्वरबहादुर रिजाल**
सचिव, केन्द्रीय कार्यालय

## नेपाली कांग्रेस

मानव अधिकारका दृष्टिकोणबाट सन् २०१९ लाई नियाल्दा अन्य वर्षको तुलनामा अत्यन्तै चिन्ताजनक वर्षका रूपमा रह्यो । अन्य वर्षमा मुलुकमा मानव अधिकार उल्लङ्घनका अधिकांश घटना विभिन्न विद्रोही र आन्दोलनरत पक्षहरूबाट गराइएका दृष्टान्त हुन्थे भने सन् २०१९ मा संविधानप्रदत्त नागरिकका मौलिक हक अधिकार, स्वतन्त्रता र नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, अभिसन्धि र बडापत्रका प्रावधानको उल्लङ्घन गरी नागरिक हक र स्वतन्त्रताउपर योजनाबद्ध किसिमले बन्देज लगाउने उद्देश्यका साथ स्वयम् नागरिकको मौलिक हक र स्वतन्त्रता अथवा मानव अधिकारको संरक्षककर्ता सरकार नै सक्रिय रह्यो । संविधानको प्रावधानसँग बाझिने गरी संसद्मा रहेको गणितीय सुविधाको दुरूपयोग गर्दै वैधानिक प्रक्रिया पु¥याएर एकपछि अर्को नागरिक हक, अधिकार र स्वतन्त्रता विरोधी विधेयक ल्याई लाखौँ जनतालाई त्यसको विरोधमा सडक सङ्घर्षमा उत्रन बाध्य बनायो । चिकित्सा शिक्षा विधेयक, कर्मचारी समायोजन अध्यादेश, गुठी विधेयक, सूचना प्रविधि विधेयक, मिडिया काउन्सिलसम्बन्धी विधेयक, राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विधेयक यसका ज्वलन्त उदाहरण हुन् । यस अवधिमा मुलुकमा महँगी, भ्रष्टाचार, कालोबजारी, कमिसन, हत्या, हिंसा, आतङ्क, अपहरण, सञ्चार क्षेत्रमाथि आतङ्क र दमनका घटना एकपछि अर्को निरन्तर भइरहे ।

वाइडबडी विमान खरिदमा अर्बौंको भ्रष्टाचार, बूढी गण्डकी बहुउद्देश्यीय परियोजना बिनाप्रतिस्पर्धा विदेशी कम्पनीलाई अर्बौं कमिसनका आधारमा जिम्मा दिनु, मेलम्ची खानेपानी आयोजनामा काम सम्पन्न गर्न लागेको विदेशी कम्पनीलाई लखेट्नु, ३३ किलो सुनकाण्डका ठूला माछा नसमातिनु, सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदसम्बन्धी काण्ड, बालुवाटारको सरकारी जग्गा व्यक्तिको नाममा दर्तासम्बन्धी काण्ड, सरकार स्वयम् सहआयोजक बनेर धर्म प्रचारक संस्थाको कार्यक्रममा मुलकका प्रधानमन्त्री नै प्रत्यक्ष सहभागी भई होली वाइनबाट सिँचित हुनु, यती कम्पनीलाई कौडीको भाउमा र निःशुल्क नै राष्ट्रिय सम्पत्तिको एकपछि अर्को हस्तान्तरणका घटना, टेलिकम कम्पनीहरूका सम्बन्धमा मन्त्रिपरिषद्को निर्णय, निजगढ विमानस्थलमा आवश्यकताभन्दा लाखौँ बढी रुख कटानी काण्ड जस्ता अरबौँ कमिसन र घोटलाका काण्डमा सरकारले निर्लज्ज तरिकाले मार्ग प्रशस्त गर्ने काम ग¥यो ।

मुलुकमा हत्या, हिंसा, बलात्कार, घूसखोरी, कमिसन, असुरक्षाका कैयन् घटना निरन्तर भइरहे । मुलुकको सर्वोच्च संस्था राष्ट्रपति स्वयंबाट ‘भ्रष्टाचार संस्थागतरूपले भइरहेको सुनेकी छु’ भन्नुले मुलुकमा भ्रष्टाचारको कस्तो अवस्था छ भन्ने स्पष्ट भएको छ । यो वर्ष पनि निर्मला पन्तको बलात्कार र हत्यामा संलग्न अपराधीलाई संरक्षण प्रदान गर्ने काम भयो । न्याय र अधिकारका लागि बोल्ने आवाजहरू बन्द गरिदिने काम गरियो ।

पाँचथरको मिक्लाजुङमा नौ जनाको सामूहिक हत्या भयो । झापामा दुई जनाको हत्या, काठमाडौँ उपत्यकामा नै दुई बालकको अपहरणपश्चात हत्या गरियो । पूर्वराजदुत केशव झाको काठमाडौँमै हत्या गरियो । भोजपुरमा प्रहरी जवान सन्जीव राईको हत्या, सर्लाहीमा फेक इन्काउन्टर, काठमाडौँमा बम विस्फोट भई जन/धनको क्षति हुन पुग्यो भने सत्ताधारी दलका कार्यकर्ताबाट नेपाली कांग्रेस र भातृ सङ्घ आबद्ध सर्लाहीका मनोज यादवको गोली हानी हत्या, रूपन्देहीमा अनिस पुरीको हत्या, सर्लाहीका रामविलास महतोको हत्या, रोल्पाका रोहित पुनको हत्या गरियो ।

आफ्ना विरोधीलाई अरिङ्गाल भई जाइलाग्नू भनी सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री र सञ्चार मन्त्रीबाट नै आफ्ना कार्यकर्तालाई निर्देशन दिने अनि बुद्धिजीवीहरूलाई थला पार्ने चेतावनी दिने काम भयो । फलस्वरूप, सत्ताधारी दलका अरिङ्गालहरू सत्ताको प्रतिरक्षामा हिंस्रक, अराजक र उदण्ड बनिरहे । मीनभवनस्थीत नेपाल कमर्स क्याम्पसमा अनेरास्ववियुका कार्यकर्ताले नेपाल विद्यार्थी सङ्घका विद्यार्थीमाथि खुकुरी प्रहार गरी दर्जनौँलाई सख्त घाइते बनाए । सोही घटनामा प्रहरी प्रशासनको व्यापक दुरूपयोग गर्दै प्रहरीद्वारा उल्टै नेपाल विद्यार्थी सङ्घका विद्यार्थीहरूमाथि नै निर्घात कुटपिट गरियो । धनुषामा प्रमोदकुमार यादवलाई अपहरण गरी बेपत्ता बनाइयो । सामुदायिक विद्यालयमा सेवारत शिक्षकहरूद्वारा आफ्ना समस्या राखी शान्तिपूर्ण प्रदर्शन गर्दा होस् अथवा नर्सहरूको कार्यक्रममा होस्, प्रहरी दमन गरी निर्घात कुटपिट गर्ने काम भयो ।

बाँकेमा पार्टीद्वारा आयोजना गरिएको शान्तिपूर्ण कार्यक्रममा आक्रमण गरी पार्टीका जिल्ला सभापति श्रीमती किरण कोइरालाको हात भाँची, अङ्गभङ्ग

गरियो। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री डा. मिनेन्द्र रिजाल तनहुँको रिसिङ गाउँपालिकाको कार्यक्रममा जाँदा रुख काटी बाटो अवरुद्ध पारी नेकपाका हिंसक जत्थाबाट खुकुरी, भाला, लाठी, बोतल, ढुङ्गासहित आक्रमण गर्ने प्रयास गरियो। नेपाल राज्यभर निर्वाध आवतजावत गर्ने संविधानप्रदत्त अधिकारमाथि ठाडै हस्तक्षेप गरियो । नेपाली कांग्रेसबाट निर्वाचित चितवन भरतपुर महानगरपालिकाकी उपप्रमुख पार्वती शाह ठकुरीलाई त्रसित बनाउने मनसायले सामाजिक सञ्जालबाट डर, धाक, धम्की दिने काम गरियो । वैदेशिक रोजगारीबाट स्वदेश फर्किने नागरिकलाई विमानस्थलमा दुःख दिने र सामान्य घरायसी प्रयोजनका लागि ल्याएका सामाग्री जफत गरी आतङ्कित गर्ने अमानवीय काम निरन्तर जारी रह्यो।

यस अवधिमा सरकार र सरकारका काम कारबाही र गतिविधिको सकारात्मक टिप्पणी र आलोचना गर्ने सञ्चार गृह र सञ्चारकर्मी पनि नेकपाका हिंसक जत्था र स्वयं सुरक्षाकर्मीको समेत निशानामा परे। वीरगन्जस्थित एभिन्युज टेलिभिजनको कार्यालयमा आक्रमण गरी तोडफोड गरियो । पत्रकारलाई नियोजितरूपमा मुद्दा लगाई फसाउने प्रपञ्च गरियो । सरकारी सञ्चार माध्यममा कार्यरत डोटीका ३ जना सञ्चारकर्मीलाई पदमुक्त गरियो। पत्रकारको शान्तिपूर्ण प्रदर्शनमा हस्तक्षेप गरी घाइते बनाउने काम गरियो । बाँकेको कोहलपुरमा ट्रकको ठक्करबाट स्कुले छात्राको निधन भएपछि उत्पन्न परिस्थितिमा प्रहरी प्रशासनबाट संयमता अपनाउनुपर्नेमा उल्टै अनावश्यक बल प्रयोग गरी स्थितिलाई तनावपूर्ण बनाइ दर्जनौँ विद्यार्थी र स्थानीयवासीलाई घाइते बनाउने काम भयो।

संसद्मा बलियो गणितीय सङ्ख्या रहेको सरकार अन्य राजनीतिक दलहरूको अस्तित्वलाई अस्वीकार गर्दै एकदलीय सर्वसत्तावादी शैलीमा अगाडि बढ्ने प्रयासमा निरन्तर सक्रिय रह्यो । राजधानीका सडकका पोलपोलमा प्रधान मन्त्रीको पोस्टर झुण्डाएर मुलुकमा नयाँ सम्राटको प्रादुर्भाव भएको सन्देश दिन खोजियो । संवैधानिक परिषद् जस्तो निकायमा प्रमुख प्रतिपक्षी दलको उपस्थितिलाई इन्कार गरेर जथाभावी निर्णय गर्ने काम भयो । एउटा नागरिकको भद्र अवज्ञा आन्दोलनप्रति सामान्य मानवीय संवेदनासमेत नराखी मन्त्री स्वयंले बिल्कुलै अनुत्तरदायी र गैरजिम्मेवार अभिव्यक्ति दिई मानव अधिकारकाप्रतिको सरकारी रवैयाको स्पष्ट चित्र प्रस्तुत गरे।

यसै वर्षमा पनि राजस्व अनुसन्धान विभाग, सम्पत्ति सुदृढीकरणलगायत राज्यका महत्वपूर्ण अङ्गहरूलाई प्रधान मन्त्री कार्यालय मातहत ल्याई सम्पूर्ण राज्यशक्तिको स्रोत केन्द्र प्रधान मन्त्री हो भन्ने सन्देश दिइयो । राज्य संयन्त्रबीचको शक्ति सन्तुलन र नियन्त्रणलाई भताभुङ्ग पार्ने काम भयो । यो सरकार नागरिक अधिकारविरुद्ध मात्र निरङ्कुश हैन, स्वयं जनताबाट निर्वाचित जनप्रतिनिधिहरूको सर्वोच्च संस्था संसद्मै संसदीय मर्यादा, पद्धति र परम्परा विपरित एकदलीय निरङ्कुश शैलीमा प्रतिपक्ष दलहरूलाई निषेध गर्दै हैकमवादी शैलीमा संसद् सञ्चालन गर्ने र जथाभावी जनअधिकार विरोधी विधेयकहरू पारित गर्ने कार्यमा निरन्तर उद्यत रह्यो।

यसबीचमा मुलुकमा सम्पन्न उपनिर्वाचनमा सरकारी साधन स्रोत र पदीय हैसियतको व्यापक दुरूपयोग गरी निर्वाचन परिणामलाई आफ्नो कब्जामा पार्ने हरसम्भव प्रयास गरियो । आमउपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्दै भारतबाट आउने तरकारी र फलफूलमा विषादि परीक्षण गर्ने कार्यमा समेत सरकार गम्भीर देखिएन । विगतको सरकारकै पालामा सुरु गरिएको स्पाइनल इन्जुरी, क्यान्सर, मुटु रोग, मिर्गौला रोगबाट पीडितलाई मासिक ५ हजार तथा पूर्ण र अति अशक्त अपाङ्गता भएकालाई दिइँदै आएको सामाजिक सुरक्षा भत्तामध्ये अशक्त अपाङ्गता भएकालाई दिइएको भत्ता कटौती गरी सरकारले अमानवीय निर्णय गर्‍यो । निजामती सेवामा रहेको अपाङ्गता भएकाहरूको ५ प्रतिशतको आरक्षणलाई समेत घटाएर ३ प्रतिशतमा झारी उनीहरूमाथि ठूलो अन्याय गर्‍यो।अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक मामिलामा समेत सरकार असफल सावित भयो । भेनेजुयला काण्डलगायतका गतिविधिले सरकारको अन्तर्राष्ट्रिय छविमा कैयन् प्रश्न खडा भए।

समग्रमा भन्नुपर्दा, सरकार स्वयं मानव अधिकारको संरक्षण र संवर्द्धनमा इमान्दारीपूर्वक सक्रिय रहनुपर्नेमा, त्यसको उल्लङ्घन, नागरिक अधिकारको कटौती र निषेधमा नियोजितरूपमा लागिरहेको अवस्थामा मुलुक र मुलुकवासीको मानव अधिकार स्थिति के/कस्तो रहला ? गम्भीर चिन्ताको विषय छ। मानव अधिकारको क्षेत्रमा काम गर्ने इन्सेक जस्ता सङ्घ/संस्थालाई समेत यो अन्यन्त चुनौतीपूर्ण र असहज अवस्था हो भन्दा अत्युक्ति नहोला।

**कृष्णप्रसाद पौडेल**
मुख्य सचिव

## समाजवादी पार्टी

सन् २०१९ मा पनि नेपालको मानव अधिकारको सवालमा कुनै खास उल्लेखनीय प्रगतिको अवस्था भएको पाइँदैन। हत्या, हिंसा र बलात्कार जस्ता थुप्रै घटना यो वर्ष पनि प्रशस्त भएका छन्। राज्य पक्षबाट मानव अधिकारको पालना र यसको संवर्द्धन गर्नका लागि कुनै ठोस कदम चालिएको पनि देखिएन। जबकि मानव अधिकारको रक्षा र यसको संरक्षण एवम् पालना गर्नु राज्यको पहिलो दायित्व हो। राज्य पक्षबाट मानव अधिकार संरक्षणका लागि सक्रिय र निष्पक्ष रही कार्य गर्नुपर्नेमा उनीहरूबाटै भइरहेको पक्षपातपूर्ण व्यवहार एवम् काम/कारबाहीले गर्दा वास्तविक दोषी कानुनी दायरामा नपर्ने र कतिपय अवस्थामा निर्दोषले सजाय पाउने कार्य भइरहेको पाइन्छ। सत्ता र शासनका आडमा असामाजिक क्रियाकलापमा संलग्न रहेकाहरू हौसिने र यसबाट वञ्चित समुदायले पीडा भोग्नुपर्ने अवस्था बढ्दो छ। राज्यका सुरक्षा निकाय तथा अङ्गबाट आफैँले मानव अधिकारका सिद्धान्त र आधारलाई प्राथमिकतामा राखी कार्य गर्ने गर्दा मात्र मानव अधिकारको वास्तविक अनुभूति आमजनताले गर्न पाउँछन्। नेपालको मानव अधिकार आयोगले पनि जुनरूपमा भूमिका खेल्नुपर्ने हो त्यो अभाव देखिएको छ। अर्को शब्दमा भन्नुपर्दा मानव अधिकार अयोग्य निष्प्रभावी जस्तै छ।

पूर्णरूपमा मानव अधिकारको प्रयोग मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व भएमात्र सम्भव हुन्छ। सङ्घीयतालाई राजनीतिकरूपमा लागु गराउनुको सट्टा प्रशासनिक एकाइका रूपमा लागु गर्ने कार्य भइरहेको छ। शासकीय स्वरूप, निर्वाचन प्रणाली, राज्य पुनर्संरचना जस्ता महत्वपूर्ण सवाल र समाजबाट शोषण, उत्पीडन एवम् सबैखाले विभेद अन्त्यलगायत सामाजिक न्याय स्थापना गराउने संवैधानिक तथा कानुनी व्यवस्था कायम गराउन आवश्यक छ। सबैले समान हक उपभोग गर्न पाउने व्यवस्था नहुँदासम्म मानव अधिकार ओठेभक्तिमात्र हुने गर्छ। यस कारण समाजवादी पार्टीले वर्तमान संविधानमा संशोधनको आवश्यकतालाई मुखररूपमा उठाउँदै आएको छ। संविधानका विभेदकारी असमान धारणा र पहिचान स्थापित गराउने व्यवस्था कायम नभएसम्म मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व सम्भव छैन। समाजवादी पार्टीले दह्रोरूपमा उठाउँदै आएको संविधान संशोधनको पक्षमा नेपालका प्रमुख राजनीातिक दलहरू गम्भीर नहुने र संशोधन नगर्ने हो भने आगामी दिनमा मानव अधिकारका दृष्टिले झन् खतरा उत्पन्न हुन सक्ने अवस्था आउन सक्छ। मानव अधिकारको क्षेत्रमा लामो समयदेखि कार्यरत इन्सेकका कार्यहरू विभेद अन्त्य गराउन र सामाजिक न्याय स्थापनाका पक्षमा अझ सबल र सराहनीय हुने हाम्रो अपेक्षा छ।

**प्रकाश अधिकारी**

उपमहासचिव तथा केन्द्रीय कार्यालय प्रमुख

## राष्ट्रिय जनता पार्टी नेपाल

इन्सेकले हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको कुरा सराहनीय छ। यस वर्ष पनि नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० प्रकाशन गर्न लागेको कुराले हामी हर्षित भएका छौँ।

मानव अधिकार लोकतन्त्रको आधारस्तम्भ भएकाले सबै जातजाति, भाषा, धर्म, संस्कृति, वर्ण, लिङ्गका आधारमा मानिसलाई भेदभाव गर्न पाइँदैन। मानिस जन्मँदा समानरूपले जन्मेका हुन्छन्। हरेक व्यक्तिलाई स्वतन्त्रपूर्वक बाँच्ने अधिकार सुरक्षित हुन्छ। मानव अधिकार मानवको नैसर्गिक र प्राकृतिक अधिकार भएको हुँदा यसको अपरिहार्यतालाई बुझेर संयुक्त राष्ट्र सङ्घको १३१ औँ महासभाले सन् १९४८ को डिसेम्बरमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएको सर्वविदितै छ।

यो कसैले दिएको अधिकार नभई स्वतः प्राप्त हुने अधिकार हो। राज्यले गरेका सबैखाले भाषा, धर्म संस्कृति, लिङ्ग, जातजाति, भूगोल, लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता आदिका आधारमा समान अधिकारको प्रयोगबाट वञ्चित गरिनु मानव अधिकारको उल्लङ्घन हो। सरकारले राज्यको हरेक अङ्ग, संयन्त्र तथा विकासको हरेक गतिविधिमा जनताको समान सहभागितालाई समान गरिनुपर्छ भन्ने विश्व मानव अधिकारको मूल्य/मान्यता भए पनि मधेसी, महिला, आदिवासी, जनजाति, थारू, दलित, खस आर्य, अल्पसङ्ख्यक, मुस्लिम, पिछडा वर्ग तथा उपेक्षित र उत्पीडनमा परेका समुदायले सोको अनुभव गरेका पाइँदैन। मानव अधिकार कसैले दिएको अधिकार होइन। त्यसैले यसलाई हरण गर्ने अधिकार पनि कसैलाई छैन।

अन्तर्राष्ट्रिय मानव अधिकारको घोषणापत्रको धारा २ अनुसार भेदभावविरुद्धको अधिकारको पूर्णरूपमा उल्लङ्घन भएको देखिन्छ। मधेसी

जनतालाई सदियौँदेखि दोस्रो दर्जाको नागरिकसरह गरिने व्यवहारमा परिवर्तन भएको पाइएन। कैलाली जिल्लाका रेशम चौधरी नेपालमा सर्वाधिक मत ल्याई प्रतिनिधि सभामा निर्वाचित भए पनि थारू आन्दालेनकारी भएकै कारण जनमतको कदर नगरी राज्यले निजलाई झुटा मुद्दा लगाइ हालसम्म जेलमा राखेको छ। मधेस आन्दोलनका बेला राजपाका दर्जनौं नेता तथा कार्यकर्तालाई मधेसी/थारू भएकै कारण झुटा मुद्दा लगाई जेल जीवन बिताउन बाध्य पारिएको छ।

मानव अधिकार प्रत्याभूतिका लागि सूचनाको हक अपरिहार्य भए पनि नेपाली जनताले त्यसको महसुस गर्न पाइराखेको अवस्था छैन । मधेसका आन्दोलनकारीलाई राजनीतिक आस्थाका आधारमा झुटा मुद्दा लगाइ बन्दी जीवन जीउन बाध्य पारिएको छ। मधेस आन्दोलन तथा पहिचान र अधिकारको लडाइँका निम्ति विभिन्न समुदायद्वारा गरिएका आन्दोलनमा अङ्गभङ्ग भएका आन्दोलनकारीलाई राज्यद्वारा उपेक्षा गरिएको छ। मधेस तथा थरुहट आन्दोलनको बेला बनेको लाल आयोगले दिएको प्रतिवेदन सार्वजनिक नगरी सरकारले मधेस र मधेसी जनताप्रति देखाएको व्यवहार निन्दनीय छ। मधेसी जनतालाई सूचनाको हकबाट समेत वञ्चित गरिएको अवस्था विद्यमान छ। अझ कर्मचारीतन्त्र, सेना, पुलिस, कूटनीतिक नियोग, कार्यपालिका र न्यायपालिकामा संविधानको धज्जी उडाउनुका साथै समानुपातिक/समावेशी सिद्धान्त अस्वीकार गरिएको अवस्था छ।

आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकारका साथै शिक्षा, स्वास्थ्य र रोजगार तथा स्वतन्त्रपूर्वक बाँच्ने अधिकारको समेत जनताले प्रत्याभूति गरिरहेको अवस्था छैन। युवाहरू रोजगार नपाएर विदेशिनुपर्ने अवस्था छ भने विदेशमा गएर परिश्रमअनुसारको पारिश्रमिक नपाई अनेक प्रकारका दुःख यातना पाउनुका साथै नेपाली चेलीहरू कष्टकर जीवन जीउन बाध्य भएका छन्। युवाहरू बेरोजगारीका कारण चन्दा आतङ्क, लुटपाट, बलात्कार तथा लागु औषध दुर्व्यसनी जस्ता कुलतमा फस्ने कमजोरी छ। यस्तै विदेशिने क्रम जारी रह्यो भने मुलुकमा वृद्ध र नाबालकबाहेक सबै यूवा बाहिरिन बेर छैन।

आज नेपाली जनता देशमा सरकार र सुशासन भएको अनुभूत गर्न पाइराखेका अवस्था छैन। मानव अधिकारका दृष्टिकोणले सन् २०१९ लाई सन्तोषजनक मान्न नसके तापनि मानव अधिकार प्रत्याभूतिका लागि प्रशस्त संरचनाहरू तयार भइरहेको अवस्था पक्कै हो। यो वर्षमा सङ्घ, प्रदेश र स्थानीय तह निर्माण भएको छ। जसमा महिलाको उल्लेखनीय उपस्थिति देखिएको छ। प्रदेश तहमा समेत कैयौँ कानुन निर्माण भएको यो अवस्थामा अल्पसङ्ख्यकलगायतकाले मानव अधिकारको प्रत्याभूति गर्न सकेको अवस्था देखिएन। प्रदेशलाई निर्वाधरूपमा उपयोग गरेको देखिन्छ। जुनसुकै देशको शासन र प्रशासन विधि र विधानले चल्नुपर्नेमा शासन र प्रशासन २०१९ मा सत्ताको पक्षपोषक भई चलेको देखिन्छ। दिनानुदिन भ्रष्टाचार, कमिसन र घूसखोरीको अवस्था भयाबह हुँदै गइरहेको छ। सरकारले मुलुकमा सर्वसत्तावाद लाद्न खोजेको देखिन्छ।

राजपा नेपालको दृष्टिकोणमा समग्रमा वर्ष २०१९ मानव अधिकारको क्षेत्रमा नेपाली जनताले सुशासन र कानुनी राज्यको अवस्था महसुस गरेको देखिएन। अतः स्वतन्त्रताको अधिकार उपयोग गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा प्रचलित ऐन, कानुन र मानव अधिकारकारका लागि गरिएको कानुनी व्यवस्था अक्षरशः पालना गर्न र नेपालको संविधानको धारा १७ (१) आइसिसिपिआरको धारा ९ (१) नागरिक अधिकार ऐन, २०१२ को दफा १२, मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा २०(१) २०(२) र २१ (१), नेपालको संविधानको धारा २८, आइसिसिपिआरको धारा १७, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १०(१) र मुलुकी ऐन अ.ब. को १७२ लाई पूर्णरूपमा पालना गरी नागरिक स्वतन्त्रताको अधिकार सुनिश्चित गर्न हाम्रो पार्टीको दृष्टिकोण स्पष्ट छ।

अन्त्यमा इन्सेकले यस वर्ष पनि प्रकाशित गर्न लागेको 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२०' मानव अधिकारको क्षेत्रमा कोसेढुङ्गाका रूपमा सावित होस् भन्ने शुभ कामना व्यक्त गर्छौं।

**राजेन्द्र महतो**
संयोजक